म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

म.जि.हु.का.द.नं. ३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- १८६ २०८० जेठ १७ गते बुधबार 31 May 2023, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

BUDDHA BAR & RESTAURENT



Hetauda-4, School Road,

Contact: 9802923576, 9866331023

# हेटौंडामा राष्ट्रिय पुरुष भलिबल प्रतियोगिता सुरु

समाज संवाददाता

हेटौँडाः हेटौंडामा मंगलबारबाट खुल्ला पुरुष राष्ट्रिय भलिबल प्रतियोगिता सुरु भएको छ । स्व. केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान र मकवानपुर जिल्ला भलिबल संघको संयुक्त आयोजनामा प्रतियोगिता सुरु भएको हो । प्रतियोगिताको हेटौँडा उपमहानगर पालिकाकी प्रमुख मीना कुमारी लामाले उद्घाटन गर्नुभयो ।

हेटौँडा-४, हुप्रचौरस्थित भलिबल कोर्टमा राष्ट्रिय पुरुष भलिबल प्रतियोगिताको उद्घाटनकै अवसरमा नगर प्रमुख मीना कुमारी लामाले भलिबल कोर्टको पूर्वतर्फ निर्माण गरिएको प्यारापिटको पनि उद्घाटन गर्नुभयो। उपमहानगरपालिकाको बजेटमा करिब ३ सय जना क्षमताको पक्की प्यारापिट निर्माण गरिएको छ। प्रतियोगिता उद्घाटनकै अवसरमा मकवानपुर जिल्ला भलिबल संघका पूर्वअध्यक्ष विशाल कुमार बिडारीलाई सम्मान गरिएको छ। पूर्वअध्यक्ष बिडारीलाई दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरिएको छ।

प्रतियोगिताको उद्घाटन खेलमा मकवानपुर जिल्ला भलिबल संघ पराजित भएको छ। गण्डकी प्रदेश भलिबल टिमसँग मकवानपुर सोझो सेटमा पराजित भएको हो । गण्डकीले मकवानपुरलाई २५-१८, २५-१७ र २५-१९ को सेटमा पराजित गरेको हो। प्रतियोगिताअन्तर्गत दोस्रो खेलमा सशस्त्र प्रहरी बलको एपीएफ क्लबले झापाको पाथीभरा टाइगर भलिबल क्लबलाई ३-१ को सेटमा पराजित गरेको छ। पहिलो र दोस्रो सेट २५-२२, २५-१६ ले आफ्नो पक्षमा पारेको एपीएफले तेस्रो सेट २३-२५ ले गुमाएको थियो । तेस्रो सेट आफ्नो पक्षमा पारेर खेलमा फर्कने प्रयास गरेको पाथीभराले चौथो सेट भने २५-२३ मा गुमाउँदै पहिलो खेलमा पराजित भयो ।



रेफ्रीलाई बल हस्तान्तरण गरी प्रतियोगिताको उद्घाटन गर्नुहुँदै नगर प्रमुख मीना कुमारी लामा ।

प्रतियोगिता लिग कम नकआउट प्रणालीमा सञ्चालन गरिएको छ। बुधबार ४ खेल हुनेछ । बुधबार बिहान पहिलो खेलमा मकवानपुरले त्रिभुवन आर्मी क्लबको सामना गर्नेछ । बिहानै दोस्रो खेलमा गण्डकी प्रदेश भलिबल टिमले स्याङ्जा जिल्लाको वालिङ भलिबल क्लबसँग खेल्नेछ । यस्तै बुधबार दिउँसोको पहिलो खेलमा पाथीभरा टाइगर भलिबल क्लबले नेपाल पुलिस क्लबको सामना गर्नेछ भने दोस्रो खेलमा त्रिभुवन आर्मी क्लबले वालिङ भलिबल क्लबसँग खेल्नेछ। प्रतियोगितामा ७ वटा टिमको सहभागिता रहेको छ ।

प्रतियोगिताको उद्घाटन कार्यक्रम प्रतिष्ठानका अध्यक्ष प्रताप विष्टको अध्यक्षतामा भएको हो । उद्घाटन कार्यक्रममा हेटौँडा उपमहानगरपालिकाका निवर्तमान प्रमुख हरी बहादुर महत, मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डे, हेटौँडाका वडाध्यक्षहरु नवीन सिग्देल, ढलक बहादुर थापा र जुना दाहाल, नरनाथ सुवेदी, मकवानपुरका प्रहरी प्रमुख वामदेव गौतम, बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य माधवप्रसाद तिमल्सिना, जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष वेश खड्गीलगायतको उपस्थिति रहेको थियो ।

जेठ २० गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेता टिमले २ लाख नगदसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले १ लाख रुपैयाँ नगदसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ। सेमीफाइनलमा पराजित हुने २ टिमले ५०/५० हजार रुपैयाँ प्राप्त गर्नेछ। प्रतियोगिताको उत्कृष्ट खेलाडीले १५ हजार रुपैयाँ प्राप्त गर्दा विधागत उत्कृष्ट खेलाडीले जनही ५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# मकवानपुरको स्थानीय तहलाई संघीय सरकारको ४ अर्ब

समाज संवाददाता

**हेटौँडाः संघीय सरकारले ४ अर्ब रुपैयाँभन्दा धेरै बजेट मकवानपुरको स्थानीय तहलाई छुट्याएको छ । सोमबार संघीय सरकारका अर्थमन्त्री डा. प्रकाशशरण महतले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८०/०८१ को विनियोजित बजेटमा मकवानपुरका १० स्थानीय तहलाई ४ अर्ब २९ करोड ५८ लाख रुपैयाँ अनुदानबापत प्राप्त हुने भएको छ ।**

**अनुदान रकममा सबैभन्दा धेरै रकम हेटौँडा उपमहानगरपालिकालाई छुट्याइएको छ । उपमहानगरपालिकालाई १ अर्ब १४ करोड ५० लाख विनियोजित अनुदान रकम रहेको छ। सरकारले अनुदान रकमबापत बकैया गाउँपालिकालाई ४६ करोड रुपैयाँ विनियोजन गरेको छ ।**

**सरकारले अनुदान रकम सबैभन्द कम इन्द्रसरोवर गाउँपालिकामा विनियोजन गरेको छ । अनुदानबापत इन्द्रसरोवरले २३ करोड ३६ लाख बजेट पाउने भएको छ। यस्तै, सरकारले थाहा नगरपालिकामा ४५ करोड ४ लाख, कैलाश गाउँपालिकामा २८ करोड ३२ लाख, बागमती गाउँपालिकामा ३५ कारोड १४ लाख, भीमफेदी गाउँपालिकामा ३४ करोड ४६ लाख, मकवानपुरगढी गाउँपालिकामा ३६ करोड ३८ लाख, मनहरी गाउँपालिकामा ३४ करोड २३ लाख र राक्सिराङ गाउँपालिकामा ३२ करोड १५ लाख अनुदान रकम उपलब्ध गराउने बजेटमा उल्लेख छ।**

# भीरबाट लडेर २ वर्षीय बालकसहित गर्भवती महिलाको मृत्यु

समाज संवाददाता

हेटौँडाः धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका-२ मा भीरबाट लडेर गर्भवती महिला र २ वर्षीय बालकको मृत्यु भएको छ। मृत्यु हुनेमा सोही स्थान बस्ने १९ वर्षीया अप्सरा चेपाङ र उनका २ वर्षीय छोरा साजन चेपाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ । अप्सरा ७ महिनाकी गर्भवती समेत रहेको प्रहरीले जनाएको छ । सोमबार दिनको ५ बजेर ३० मिनेटको समयमा कात्तिकेचुली जङ्गलमा घाँस काट्न गएकी अप्सराको छोरा साजन भीरबाट लडेपछि उनलाई उद्दार गर्न जाँदा अप्सरा भीरबाट लडेर गम्भीर घाइते भएकी थिइन्। घाइते अप्सरालाई उपचारका लागि अस्पताल लगिएकोमा उपचारको क्रममा मृत्यु भएको थियो। प्रहरीका अनुसार बालकको घटनास्थलमै ज्यान गएको थियो। दुवैको शव प्राथमिक स्वास्थ्य केन्द्र गजुरी धादिङमा राखिएको प्रहरीले जनाएको छ।

# मानवसेवा आश्रमको आम्दानी ७ करोड रुपैयाँभन्दा बढी



आश्रमको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै संरक्षक राजमी अधिकारी ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा-९ स्थित मानवसेवा आश्रमले आर्थिक वर्ष २०७८/७९ को आयव्यय विवरण र प्रगति प्रतिवेदन मंगलबार सार्वजनिक गरेको छ । मानवसेवा आश्रमले दानबाट ७ करोड ३० लाख ६३ हजार रुपैयाँ र अन्य दान, चन्दा तथा सहयोगबाट ५४ लाख ९१ हजार रुपैयाँ गरी ७ करोड ८५ लाख ५५ हजार रुपैयाँ आम्दानी गरेको जनाएको छ।

मानवसेवा आश्रमको खर्च ३ करोड ४१ लख ५२ हजार रुपैयाँ भएको आश्रमका लेखा प्रशासन प्रमुख अस्मिन गौतमले जानकारी दिनुभयो । नेपथ्य कार्यक्रम-२०७९ मा ४ करोड ८ लाख ८३ हजार रुपैयाँ खर्च र ७ करोड २ लाख ४७ हजार ६ सय १५ रुपैयाँ आम्दानी भएको बताइएको छ । खर्च कटाएर २ करोड ३ लाख ६४ हजार रुपैयाँ बचत रहेको गौतमले जानकारी दिनुभयो ।

मानवसेवा आश्रमका संरक्षक रामजी अधिकारीले प्रगति विवरण सार्वजनिक गर्नुहुँदै सरकारको आलोचना गर्नुभन्दा सरकारको सहयोगी भई सडकआश्रित मानवहरुको मानवोचित व्यवस्थापन गराउने मानवसेवा आश्रमको स्थापना गरिएको बताउनुभयो । कसैले पनि एक गाँस भोजन र एक सरो कपडाको अभावमा कष्टपूर्ण जीवन बिताउन नपर्ने अवस्था निर्माण गर्ने दृढ संकल्पसहित २०६९ साल भाद्र १३ गते मकवानपुर जिल्ला हेटौँडाबाट मानवसेवा आश्रमको औपचारिक शुभारम्भ भएको थियो । ७ प्रदेशको विभिन्न १९ वटा जिल्लामा मानवसेवा आश्रमका २३ सेवा केन्द्रहरु सञ्चालनमा छन् । एक दशकमा ७७ वटै जिल्लाबाट ८ हजार बढीको उद्दार भइसकेको छ । एक हजार ५ सय २९ जना आश्रमको संरक्षणमा छन् ।

९ सय ८४ जना पुरुष र ५ सय ३२ जना महिला गरी एक हजार ५ सय १६ जनाको उद्दार गरिएको छ । ४ सय ९८ जना पुरुष र २ सय ८० जना महिला गरी ७ सय ७८ जनाको पारिवारिक पुनर्मिलन गरिएको छ । एक सय १७ जना पुरुष र ५८ जना महिला गरी एक सय ७५ जनाको मृत्यु भएको छ। २ सय ४७ जना पुरुष र एक सय ४६ जना महिला गरी ३ सय ९३ जनाले अल्पकालीन सेवा लिएका छन्। ३२ जना पुरुष, १२ जना महिला गरी ४४ जनाले सामुदायिक पुनर्स्थापना भई स्वाबलम्बी जीवन निर्वाह गरिरहेका छन् । १६ जना पुरुष र १३ जना महिला गरी २९ जनाको पुनः उद्दार गरिएको छ। ५ जना पुरुष र १४ जना महिला गरी १९ जनाको स्थानान्तरण गरिएको छ। एक ३५ जना पुरुष र ८० जना महिला गरी २ सय १५ जना आश्रित छन् ।

गुणस्तरीय सेवा प्रवाहका लागि एक आश्रित मासिक औसतमा १५ हजार रुपैयाँ खर्च आवश्यक हुने आश्रमले उल्लेख गरेको छ। यस अनुपातमा हाल उपलब्ध सहयोग आवश्यकताको आधारमा धेरै कम रहेको संरक्षक अधिकारीले बताउनुभयो । एकातिर स्रोतको अभाव र अर्कोतिर सेवालाई गुणस्तरीय बनाउन चिन्तन गर्नुपर्ने समय दाता खोज्न र खुसी पार्न व्यतित गर्नुपर्ने बाध्यात्मक अवस्थाले सेवा गुणस्तर चाहे जस्तो बनाउन नसकिएको अधिकारीको भनाइ छ । सहयोगापेक्षी सडकआश्रित मानवमुक्त मकवानपुर जिल्ला २०७५ साल फागुन ४ गते घोषणा भइसकेको छ । घोषणा भएको ४ वर्ष बितिसक्दा पनि हालसम्म संयुक्त समिक्षा र योजना बैठक बस्न सकेको छैन ।



समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

## सम्पादकीय

# बजेट यथार्थपरक भएन

संघीय सरकारले आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि बजेट सार्वजनिक गरेको छ । सोमबार प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठकमा आगामी आर्थिक वर्षको बजेट (विनियोजन विधेयक) प्रस्तुत गरेको हो । अर्थमन्त्री डा प्रकाशशरण महतले आगामी आर्थिक वर्षका लागि १७ खर्ब, ५१ अर्ब ३१ करोड रुपियाँको बजेट सार्वजनिक गरेका छन् । पछिल्ला केही वर्षदेखि देशको अर्थतन्त्र सन्तोषजनक हुन नसकिरहेको र चालु आर्थिक वर्षमा राजश्व असुली कमजोर बनेको अवस्थामा अर्थमन्त्री महतले मितव्ययी बजेट ल्याएको दावी गरेका छन् । सरकारले साधारण खर्च कटौती गरेर बजेट ल्याएको भने पनि चालु आर्थिक वर्षको संशोधित अनुमानभन्दा आगामी आर्थिक वर्षको कुल एवम् साधारणतर्फको बजेट बढी नै रहेको छ । देशको आर्थिक वृद्धिदर निकै न्यून रहेको र मुद्रास्फिती (मूल्य वृद्धिदर) बढी रहेकाले अर्थतन्त्रमा मन्दीको अवस्था देखिएको छ । सरकारको साधारण खर्च वर्षेनि बढ्दै गएको र विनियोजित पुँजीगत खर्चसमेत गर्न नसकेको अवस्थामा सार्वजनिक गरिएको बजेट आशातित सन्तुलित देखिएको छैन ।

अर्थमन्त्री महतले आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि साधारण (चालु)तर्फ ११ खरब ४१ अरब ७८ करोड बजेट विनियोजन गरिएको छ । यो कुल बजेटको ६५.२ प्रतिशत हो । विकास (पुँजीगत) तर्फ ३ खरब २ अरब ७ करोड बजेट विनियोजन गरिएको छ । यो कुल बजेटको १७.२५ प्रतिशत हुन आउँछ । यस्तै, वित्तीय व्यवस्थातर्फ ३ खरब ७ अरब ४५ करोड बजेट विनियोजन गरिएको छ । यो कुल बजेटको १७.५५ प्रतिशत हो । आगामी आर्थिक वर्षका लागि ल्याइएको बजेट चालु आर्थिक वर्षको संशोधित अनुमानभन्दा १६.३७ प्रतिशतले बढी रहेको छ । संघीय सरकारको कुल बजेटमध्ये रुपैयाँ प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ ४ खरब ८ करोड रुपैयाँ रहेको छ । विनियोजित बजेटमध्ये १२ खरब ४८ अरब ६२ करोड रुपैयाँ राजश्वबाट प्राप्त हुने सरकारको लक्ष्य छ । सरकारले वैदेशिक ऋण तथा अनुदानबाट २ खरब १२ अरब ७५ करोड जुटाउने छ भने बाँकी २ खरब ४० अरब आन्तरिक ऋणबाट बेहोरिने बजेट वक्तव्यमा उल्लेख छ ।

शिथिल बनेको अर्थतन्त्रलाई गतिशील बनाई फराकिलो, दिगो र समावेशी आर्थिक वृद्धि हासिल ग र्ने बजेटको पहिलो उद्देश्य रहेको भए पनि सार्वजनिक बजेटले उक्त उद्देश्य पूरा हुने सम्भावना ज्यादै न्यून रहेको छ । आर्थिक सर्वेक्षण २०७९/०८० अनुसार चालु आर्थिक वर्षमा २.१६ प्रतिशतले आर्थिक वृद्धि हुने सरकारको अनुमान छ । २०७९ को चैत महिनामा मुद्रास्फिती ७.७६ प्रतिशत रहेको अवस्थामा फराकिलो र दिगो आर्थिक वृद्धि हासिल गर्न सजिलो देखिँदैन । राजश्व आम्दानी अनुमानभन्दा निकै कम रहेकाले चालु खर्चसमेत धान्न नसक्ने अवस्थामा बजेट कार्यान्वयन थप चुनौतीपूर्ण बनेको छ । खर्च कटौतीका लागि सरकारी भवन निर्माण नगर्ने, सवारी साधन नकिन्ने, अत्यावश्यकबाहेकका वैदेशिक भ्रमण नगर्ने, कर्मचारीका विभिन्न भत्ता तथा सुविधा कटौती गर्ने भनिरहँदा साधारण खर्च चालु आर्थिक वर्षभन्दा बढी विनियोजन गर्नुले राम्रो संकेत गर्दैन । कतिपय अनावश्यकजस्तो बनेको सरकारी कार्यालय, समिति, आयोग तथा सार्वजनिक संस्थानहरु खारेज गर्ने तथा गाभ्ने निर्णयलाई बजेटको राम्रो पक्ष मान्न सकिन्छ ।

पुँजीगत खर्चभन्दा झण्डै चार गुणा बढी चालु खर्च विनियोजन हुँदा अर्थतन्त्रमा नकारात्मक दबाब पर्छ नै । विगतका वर्षहरुमा समेत निकै आलोचित बनेको सांसदलाई बजेट दिने परिपाटीलाई यस बजेटले पनि निरन्तरता दिएको छ । संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमको नाममा प्रत्येक निर्वाचन क्षेत्रका लागि ५ करोड दिने गरी सवा ८ अरब बजेट विनियोजन गरेर बजेटलाई वितरणमुखी बनाइएको छ । बजेटलाई मितव्ययी बनाएको भने पनि राष्ट्रिय योजना आयोगले तोकेको सीमाभन्दा बढी बजेट ल्याइएको छ । बजेट यथार्थपरक छैन । हरेक वर्षजस्तै आगामी वर्षको बजेट पनि कार्यान्वयन हुने सम्भावना न्यून देखिएको छ । हौसिएर बजेट निर्माण गर्ने तर खर्चको स्रोत व्यवस्थापन र बजेट परिचालनमा देखिएको कमजोरी सुधार नहुँदासम्म बजेटको प्रभावकारिता रहँदैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : धार्मिक काममा सरिक भइने समय योग रहेको छ ।
**वृष** : व्यापार–व्यवसायका कामहरु मध्यमकारक छन् ।
**मिथुन** : धार्मिक र परोपकारजन्य काममा सरिक भइने छ ।
**कर्कट** : कर्म प्रतिको निष्ठा बढ्ने समय योग छ ।
**सिंह** : विद्यार्थीका लागि हानिकारक समय योग छ ।
**कन्या** : ठूलाको सल्लाहले काममा पूर्णता प्राप्त होला ।
**तुला** : राजनीति र कार्यक्षेत्रमा समय व्यतित होला ।
**वृश्चिक** : बोलीमा मिठास र व्यवहारमा नम्रता राख्दा राम्रो ।
**धनु** : नोकरीमा सचेतता अपनाउँदा राम्रो रहला ।
**मकर** : रचनात्मक र सीपमूलक काममा सरिक भइएला ।
**कुम्भ** : ठूलाको बचन शिरोधार्य गर्दा राम्रो रहला ।
**मीन** : हाँके ताकेका कामहरु बन्ने समय छ ।

# मसाने वैराग



✍ **अमर अधिकारी**

नीति कथा अनुसार धेरै पहिले कुनै ठाउँमा अति धन्याढ्य र प्रतिष्ठित व्यक्तिको मृत्यू भएछ । आर्यघाटमा आफ्ना आफन्तलाई अन्तिम दाहसंस्कार गर्न गएका मध्ये तीन बुद्धिमान नवयुवकहरु वरिपरि मानिसहरुको चिता जलिरहेको देखेपछि भाव विहल भए उनीहरुलाई जीवनको क्षणभंगुरता र व्यर्थताको बोधले च्यापेछ । 'यत्रो श्रीसम्पति, इज्जत र कीर्ति आर्जन गरेका महासेठ त खाली हात, दुखि, भएर मरे, हामी केका लागि यत्रो उपद्र गरिरहेका हौं ? यो कसैलाई नछोड्ने मृत्युलाई नै पहिले चिनौं । बुद्धले मृत्यु देखेरै यो संसार छाडे र ज्ञान प्राप्त गरेर फर्के, हामी पनि सबभन्दा पहिले मृत्यु के हो त्यसलाई चिनौं, यसमाथि विजय प्राप्त गरौं । अरु कुरा पछि देखा जाएगा ।' भन्दै मृत्युलाई खोज्न तीनै जना यात्रामा हिंडेछन् । उनीहरुले अनेक गुरु, साधु, सन्तलाई भेटी हामिलाई मृत्युको दर्शन गराइदिनुस् ।उसलाई चिन्न र बुझ्न चाहान्छौ भन्दै धेरै ठाउँ भौतारिए तर कसैले पनि उनीहरुको जिज्ञासा शान्त गर्न सकेनन् ।

घुम्दै जाँदा अन्ततः उनीहरु एउटा गाउँमा नाम चलेका पाको उमेरका ज्ञानि कहाँ पुगे, र पुरानै आफ्नो प्रश्न दोहोराए । उनीहरुको प्रश्न सुनेर ती ज्ञानीले भनेछन् तिमिहरु घर फर्क । यसरि भौतारिएर मृत्युको पछाडि लाग्नु ठीक छैन उसलाई नखोजे पनि एकदिन तिमीहरुलाई लिन मृत्यु स्वयम् आफै आईहाल्छ तर हठी नवयुवकहरुको अत्यन्त जिद्दी गरे हामी जसरी भए पनि जतिसक्दो चाँडो मृत्युलाई भेट्न चाहन्छौ । उसलाई नभेटिन्जेल हामी फर्किनेवाला छैनौ । त्यो अघि हामीलाई संसारमा फर्क भनेर नभन्नुस् । नवयुवकहरुको अति जिदिपना देखेर टाढाको डाडालाई देखाउँदै उनले भने उ त्यो डाडाँको टुप्पोमा झ्याम परेको जुन ठुलो रुख छ, त्यसको फेदमा मैले मृत्यु लाई बसेको देखेको छु । त्यहा तिमिहरु पुग्यौ भने मृत्युलाई भेटने छौ । तर बुढाले उनिहरुलाई सावधान गर्दै भने सकभर तिमीहरु त्यहाँ नगए बेस । त्यहाँ गएपछि कोही पनि सही सलामत फर्किदैन ।

मृत्युको ठेगाना अन्ततः भेटाएकोमा युवकहरु उत्साहित भएर बुढाको पुरा कुरा सुनिनसक्तै सुन्दै नसुनि त्यस रुख तर्फ दौडिहाले । हस्याङफस्याङ गर्दै ती तीनै जना अन्ततः डाडाँमाथिको त्यो रुखको फेदमा पुगे । त्यहाँ पुगेपछि उनीहरुले एउटा ठुलो थैलोमा राखिएका निकै बहुमुल्य सुनका गहना, असर्फि र थुप्रै नोटहरु देखेछन् । यो देखि तिनिहरु अच्चम्भित भए । बिस्तारै उनिहरूको मनमा त्यो धनले लोभको रुपमा डेरा जमाउन थाल्यो । जिवनभरि कमाए पनि आफूले कहिल्यै त्यति सम्पति जम्मा गर्न नसक्ने भाव उत्पन भयो । त्यसलाई आफ्नो बनाउने कामनाले तिनै जनाको हृदयमा जरा गाडयो । तिनै जना एकछिन बसी शान्तपुर्वक विचार गर्न थाले । अब यत्रो धन भेटिहाल्यौ । बराबरी बाडौं । सुख शान्ति र मौजमस्तीपुर्वक जीवन व्यवहार चलाऔं । आखिर बुढाले भनेकै छ एकदिन मृत्यु घरमै आइपुगि हाल्छ ।

तर तिमध्ये सबैभन्दा जेठोले सुझायो दिनकाल ठीक छैन । यत्रो सम्पति भएको थैला सबैले देख्ने गरी शहरबाट लिएर जान ठीक छैन । साँझ परोस आ-आफ्नो भाग बाँडौला र चुपचाप घरतिर लागौला । यतिका दिनसम्म राम्ररी खाएको छैन, भोक पनि अति लागेको छ साझसम्म भोकै कसरि बस्ने ?

कान्छोले प्रश्न गर्यो ।थैलोबाट मुद्रा दिदै दुबैले कान्छालाई अह्राए । सबैभन्दा कान्छो तिमि नै हौ । तल गएर जे-जे मनलाग्छ खानेकुरा लिएर आउ । हामी दुबैजना यसको सुरक्षा गरेर बस्छौ । यो सुनेर कान्छो को मनमा चिसो पसेछ- यी दुबै मिलेर मलाई मात्र किन पठाउँदै छन । धनको त्यत्रो थैलो छोडेर जान कान्छालाई मन थिएन । तर अरु कुनै विकल्प नदेखि उ खाने कुरा लिन तल तिर लाग्यो । बाटोमा उसको मनमा लोभ छिर्यो र मन धमलियो । नाना बिचारहरु चल्न थाले-यत्रो सम्पति तीन भाग लगाउँदा मैले एक भाग मात्रै पाउछु त्यसले मेरो सबै इच्छा कहाँ पुरा हुन्छ ? त्यो पुरै सम्पति आफ्नो भएमा मात्र मोज हुन्छ तृष्णाले कलुषित उसको मनमा एकाएक भयानक षड्यन्त्रको जन्म भयो । वजारमा उसले टन्न खायो र अनि आफै पनि रक्सि चढायो । मिठो खानेकुरा साथै उनिहरुलई पनि रक्सी किनिदियो र त्यसमा विष मिलाईदियो । यो खाएपछि ति दुबै त्यहि ढल्छन अनि म त्यो सारा सम्पति एक्लै लिएर टाप कस्छु । भविष्यको कल्पनामा डुबेर उ त्यो खाना लिई डाडाँतिर लाग्यो ।

टुप्पामा धनको पोको कुरेर बसेका दुई जनाको मनमा त्यस्तै लोभको जन्म भएछ । तीन भाग लगाउदा आफ्नो भागमा कम पर्ने र त्यतिले सबै इच्छा पनि पुरा नहुने निष्कर्षमा उनिहरु पुगे । पहिलोले भन्यो, यही मौका हो त्यो तल गएको बेला यहि सम्पति लिएर भागौ र घर पुगी यसलाई दुई भागमा बराबर बाडौं । अर्कोले भन्यो कान्छो मुर्ख छ र ? घरमै आफ्नो भाग लिन आईपुग्छ । हल्लाखल्ला मचाउला अनि फसाद पर्छ । त्यसकारण उसलाई यहाँ आउन दिउँ । यदि साँच्चै नै सम्पती हामि दुबै जनामै बाडने हो भने उसको इहलिला यहि समाप्त गरेर हामी यो सम्पति लिएर यहाँबाट निस्कौला । यही षडयन्त्र पुरा गर्न उनीहरुले कान्छो लाई कुरेर बसे । यति बेलै प्रशस्तै खाने कुरा लिएर कान्छो आईपुग्यो । कान्छोले आउनसाथ भन्यो मैले टन्न खाएर आएको छु । माथिसम्म आइपुग्दा थाके पनि तिमिहरु खाना खाओ म रुख मुनि एकछिन विश्राम गर्छु । यो कुरा सुनि उनीहरु अझ प्रशन्न भए । कान्छोले आँखा चिम्लिना साथ ती दुबै मिलेर छुरि हानि उसको जिवनलीला समाप्त गरिदिए । ठुलो झन्झट सकियो अब आरामसाथ खाना खाऔं र साँझ परेपछि सम्पति बाँडि बिस्तारै घरतिर लागौंला । त्यो सम्पतिले अनेक रुप लिएर उनिहरुको आँखाको अगाडि भविष्य सपनाको रुपमा नाच्न थाल्यो-विशाल घर, नोकर चाकर, सुन्दरीहरु, विलासिताका अनेकन सामानको रुपमा । त्यहि भविष्यको कल्पनामा रमाउँदै उनिहरुले टन्न खाए र बिषालु भोजन र मदिराको प्रभावले दुबै त्यहि ढले । त्यो धनको पोको जस्ताको त्यस्तै त्यहि रहयो । रुखमुनि तिमिहरुले मृत्यु भेटाउने छौ भनेको बुढाको कथन पनि सत्य निस्कियो । मृत्यु सधै छद्म भेषमा आउँदोरहेछ । कहिले लोभ बनी, कहिले काम बनी । धनको अगाडि ती युवाहरुको मसाने वैराग टिक्न सकेन भने भोग विलास पनि गर्न पाएनन् । तपाइँ हामी मसानघाट या आर्यघाट जादाँ यस्तै मसाने वैरागको कल्पना गर्छौं तर घर पुगेपछि फेरी पुरानै धन्दामा फस्छौं र आफ्नो इहलिला समाप्त गर्छौं ।

(स्रोतः सन्त गाथा, वोधिसत्व स्वामी आनन्द अरुण)

# किन हुन्छ भ्रष्टाचार ?



✍ **नारायण पौडेल**

सामान्यतया नागरिक हकअधिकार कमजोर भएका देशमा भ्रष्टाचार बढी हुने, मानव अधिकार हनन हुने, लोकतन्त्रको स्तर घट्ने, अधिनायकवाद बढ्ने र भ्रष्टाचारले प्रश्रय पाउँदै जाने हुन्छ ।

नेपालमा सबै खालका व्यापार, व्यवसाय, ठेक्कापट्टा, आयातनिर्यात, सरुवाबढुवा, नियुक्तिलगायतमा घूस तथा भ्रष्टाचारको सञ्जाल व्याप्त देखिन्छ भने भ्रष्टाचारविरोधी प्रयासमा आएको शिथिलताले लोकतन्त्र र मानव अधिकार जोखिममा परेको छ । त्यसमाथि आर्थिक सुशासन कायम गर्ने जिम्मा पाएको सरकार नै सार्वजनिक जग्गाजमिन तथा सम्पत्तिहरूलाई कौडीको भाउमा भाडामा लगाउने र नीतिगत भ्रष्टाचार बढाउन सक्रिय हुँदै जानुले भ्रष्टाचारजन्य गतिविधिलाई प्रोत्साहन मिलेको छ ।

वास्तवमा भ्रष्टाचार आर्थिक अनियमितता मात्र नभई राजनीतिक र सांस्कृतिक समस्या पनि हो, जसले लोकतन्त्र र विधिको शासनलाई कमजोर बनाउँछ । नेपालको अर्थव्यवस्थाले पनि भ्रष्टाचारका घटना वृद्धि गराउन भूमिका खेलिरहेको छ। किनकि नेपालमा बहुदलीय शासन-व्यवस्थाको थालनी भएपछि कांग्रेस, एमाले र गणतन्त्र स्थापनापछि माओवादी, मधेसवादी दलभित्रका निकटस्थहरूको ठूलो जमात एक्कासि नवधनाढ्यका रूपमा उदाएका छन् । यसरी सुशासन कायम गर्ने मामिलामा सरकारी प्रयास असफल हुनु र अन्तर्राष्ट्रिय जगत्मा नेपाल भ्रष्टाचार गर्ने देशको सूचीमा उच्च स्थानमा रहनु हामी सबै नेपालीका लागि अत्यन्तै दुःखद विषय हो ।

अकस्मात् धनाढ्य हुनु अवैध मिश्रित व्यवसायको प्रतिफल हो र हरेक परिवर्तनपछि धनाढ्य वर्गले राजनीतिक व्यवस्था र नेतृत्वलाई घेराबन्दीमा पारी षड्यन्त्रपूर्वक आफ्नो आर्थिक हितअनुकूलको वातावरण सिर्जना गराउँदै आएका छन् । यस्ता धनाढ्यको संगतले राजनीतिक नेता तथा कार्यकर्तामा धनको लोभ जागृत गराउँछ । फलस्वरूप लोभकै कारण राजनीतिक परिवर्तन भ्रष्टाचारको सिकार हुन्छ । यसर्थ, जुन व्यवस्थामा नाफाका लागि लालायित पुँजीपतिहरू कानुनी तथा राजनीतिक रूपमा सत्तामा हाबी हुन्छन्, यस्ता भ्रष्टाचारजन्य गतिविधिले स्वाभाविक रुपमा निरन्तरता पाइरहन्छन् ।

त्यस्तै अदालत, संसद्, सरकार, राजनीतिक दल, निजी क्षेत्र सर्वत्र कुनै जवाफदेहिता छैन । जुनसुकै प्रकरणमा भएको भ्रष्टाचारमा संलग्न हुनेहरूलाई कानुनबमोजिम सजाय हुनुपर्नेमा विगतमा भएका भ्रष्टाचारसम्बन्धी अनुसन्धान र कारबाही हेर्दा यस्ता घटनाहरु केही समयका निम्ति मात्रै चर्चामा हुन्छन् । यसरी नेपालमा भ्रष्टाचार नियन्त्रण सुधार नहुनुमा सार्वजनिक क्षेत्रमा भएको अनियमितता र अधिकारको दुरुपयोग प्रमुख कारण मानिन्छ । किनकि व्यापार व्यवसायमा व्याप्त घुसखोरी, कारबाहीमा उदासीनता र सूचनामा नागरिकको सहज पहुँच नहुनुले भ्रष्टाचार मौलाइरहेको छ ।

नेपाली समाजमा चाकडी, चाप्लुसी, उपहार दिनेजस्ता गतिविधिलाई सामान्य रुपमा लिने गरिन्छ । तर, यस्ता गतिविधिमा ठूलो धनराशि खर्च भइरहेको हुन्छ । समाजमा इमानदारलाई भन्दा धनीलाई महत्व दिने गरिन्छ, जसले गर्दा व्यक्तिलाई सम्पत्तिको तृष्णा बढिरहेको छ र व्यक्तिलाई समाजमा सम्मानित जीवन बिताउन जसरी भए पनि सम्पत्ति कमाउनुपर्ने धारणाले मूर्तरूप लिएको छ । फलस्वरूप भ्रष्टाचार, अनियमितता, तस्करीजस्ता काम गरेर भए पनि सम्पत्ति जोड्नेतर्फ व्यक्तिहरु लागिरहेका छन् । यसरी जुन समाजमा सम्पत्तिलाई सबैभन्दा बढी महत्व दिइन्छ, त्यहाँ भ्रष्टाचारजन्य गतिविधिको उत्पत्ति भई प्रश्रय पाउने अनुकूल वातावरण बन्दै जान्छ ।

विगतमा राणा, राजाहरूले आफ्नो परिवार र नातेदारको चाहना तथा विलासितालाई बढाउनका लागि भ्रष्टाचार जन्य क्रियाकलाप गरेका थिए । राजनीतिक नेतृत्व, कर्मचारी तथा अन्य सार्वजनिक पद धारण गर्ने अधिकारीहरू आफ्नो परिवार, नातेदार तथा इष्टमित्रहरूको अपेक्षा र चाहना पूरा गर्न उनीहरूको दबाबमा भ्रष्टाचार गर्छन् । त्यसैले नेपालमा भएका अधिकांश ठूला भ्रष्टाचारका काण्डहरूमा जिम्मेवार अधिकारीका परिवारका सदस्यहरूको संलग्नता रहेको भेटिन्छ । तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेरले आफ्नो मृत्युअघिको इच्छापत्रमा लेखेका थिए, 'प्यारा छोरा, छोरी र ज्वाइँहरू, मैले यो सम्पूर्ण सम्पत्ति तिमीहरूकै लागि कमाएको हुँ, त्यसैले तिमीहरू सबैले बुद्धि पुर्याएर खर्च गर्न सक्यौ भने विलासिताका साथ तिमीहरूको जिन्दगी बित्नेछ ।'

राजनीतिक संरचनाभित्रका विभिन्न पक्षले राजनीतिक भ्रष्टाचारलाई प्रत्यक्ष रुपमा प्रभाव पार्ने गर्छन् । नेपालका राजनीतिक दलहरूको नियमित खर्च निकै ठूलो छ, राजनीतिक पार्टीहरूको आफ्नै आम्दानीको स्पष्ट र दिगो स्रोत केही छैन । यस्तो अवस्थामा उच्च खर्च, अपारदर्शी कोष, महँगो निर्वाचन खर्चजस्ता गतिविधिलाई कसरी थेग्ने ? जसका लागि सरकारमा रहेका बेला मन्त्रीले विविध काम तथा निर्णयहरू गरेर त्यसबापतको कमिसन पार्टीलाई बुझाउनुपर्छ, पार्टीलाई रकम बुझाउने सर्तमा मात्रै मन्त्री बनाइन्छ र मन्त्रीलाई पार्टीबाट नै भ्रष्टाचार गर्न र कमिसन लिन लगाइन्छ । यसर्थ राजनीतिक पार्टी भ्रष्टाचार र कमिसनका मूल स्रोत बनेका छन् ।

नियमित पार्टी सञ्चालन, निर्वाचन, महाधिवेशनलगायतका कार्यक्रममा पार्टीहरूले ठूलो धनराशि खर्च गर्छन् । तर, त्यसको स्रोत पारदर्शी छैन । राजनीतिक दलहरुले आफ्नो बैंक खातासमेत व्यवस्थित र चालू अवस्थामा राखेका छैनन् । कहाँबाट के-कति आम्दानी भयो, कुन व्यापारीले कुन प्रयोजनका लागि कति सहयोग गर्यो, त्यो रकम कहाँ कसरी खर्च भयो भन्नेजस्ता जानकारीसमेत पारदर्शी छैनन् । राजनीतिक दलहरूले केन्द्रदेखि जिल्लासम्म निर्माण वा खरिद गरेका भवनको कति खर्च लाग्यो भन्ने कुराको यथार्थ विवरण कुनै पार्टीले दिन सक्दैनन् ।

राजनीतिक निरन्तरताका लागि कार्यकर्ता चाहिन्छ । नेपालका अधिकांश राजनीतिक दलका कार्यकर्ताहरू बेरोजगार छन् । हरेक पार्टी तथा तिनका नेतामाथि यस्ता कार्यकर्ताको खर्च चलाइदिनुपर्ने दायित्व हुन्छ । आफ्ना नेता उच्च राजनीतिक पदमा पुगेपछि कार्यकर्ताहरु त्यसको गलत फाइदा लिनका लागि तँछाडमछाड गर्छन् । यसरी राजनीतिमा लाग्ने कार्यकर्ताहरूको आफ्नै छुट्टै पेसा-व्यवसाय अँगाल्ने संस्कारको सुरुवात नहुनुले दलका कार्यकर्ताले राजनीतिलाई नै पेसा बनाएका छन्, जसले भ्रष्टाचारलाई बढावा दिन्छ ।

यस्ता बेरोजगार कार्यकर्ताहरू आफ्नो पार्टी सरकारमा रहँदा नेतालाई आफ्नो

...बाँकी पृष्ठ ३ मा

# “नयाँ डम्पिङ साइडको खोजी गर्नु प्रमुख चुनौति”

हरित हेटौँडाले जुन ५ मा मनाइने विश्व वातावरण दिवसलाई महत्वका साथ मनाउँदै आएको छ । हेटौँडा उपमहानगरपालिका मातहतको टोल विकास संस्था नगर समन्वय समितिले मंगलबारबाट साताव्यापी विविध कार्यक्रम सुरु गरेको छ । वातावरण संरक्षणका लागि विश्व समुदायको चासो र सरोकार रहँदै आएको छ । वातावरण दिवसकै सन्दर्भमा हेटौँडा उपमहानगरपालिकाकी वातावरण अधिकृत चन्दा खड्कासँग समृद्ध समाज दैनिकका संवाददाता सुप्रभा शर्माले गर्नुभएको कुराकानीको सम्पादित अंश:



**चन्दा खड्का**
**वातावरण अधिकृत**
**हेटौँडा उपमहानगरपालिका**

**समाज: हेटौँडा उपमहानगर क्षेत्रमा वातावरणसँग सम्बन्धित के कस्ता चुनौतीहरु रहेका छन् ?**

**खड्का**: वास्तवमा हेर्ने हो भने हेटौँडा उपमहानगरपालिकामा मात्र नभएर नेपालभरिको सबै पालिकाको मुख्य चुनौती भनेको फोहोरमैला व्यवस्थापन हो । केही नगरपालिकाहरुले आफैँले फोहोर व्यवस्थापनका लागि प्रयत्न पनि गरिरहेका छन् भने केही नगरपालिकाहरु चाहिँ प्रविधिमैत्री पनि हुन खोजिरहेका छन् । हेटौँडा उपमहानगरपालिकाले पनि धेरै वर्ष पहिलेदेखि फोहोर मैला विसर्जन गर्दै आएको डम्पिङ साइडको जीवनकाल पनि सकिसकेको छ । हामीले तत्काल फोहोर मैला विसर्जन गर्नका लागि नयाँ डम्पिङ साइड खोज्नु नै हेटौँडा उपमहानगरपालिकाको मुख्य चुनौतीको रुपमा रहेको छ ।

**समाज: फोहरमैला व्यवस्थापनका उपायहरु के-के हुन सक्छन् ?**

**खड्का**: फोहोरमैला व्यवस्थापनमा आएका चुनौतिहरुको न्युनीकरणका लागि सर्वप्रथम हामी सबैले घरघरमै फोहोरको स्रोतबाट नै न्युनीकरण गर्न सक्नुपर्दछ । कुहिने र नकुहिने फोहोर छुट्याई कुहिने फोहोरलाई घरमै व्यवस्थापन गर्ने र नकुहिने फोहोरलाई फोहोर उठाउन आउने गाडीलाई पठाउनुपर्छ । कम्पोष्टिङ गर्न सकिन्छ । ग्रीन एण्ड क्लिन सिटीले फोहर व्यवस्थापनका लागि कुहिने र नकुहिने फोहर छुट्टाछुट्टै संकलनको कार्य गर्दै आएको छ । यसरी कुहिने र नकुहिने फोहर छुट्टाएर व्यवस्थापन गर्नु नै व्यवस्थापनको प्रमुख उपाय हुन सक्छ ।

**समाज: विश्व वातावरण सप्ताहको मूल नारा के रहेको छ ?**

**खड्का**: हेटौँडाको मूल नारा भन्दा पनि विश्व वातावरण दिवसकै नारालाई नेपालीकरण गरेर विभागले प्लास्टिक प्रदुषण न्यूनीकरण र वातावरणमैत्री विकल्प खोजौं भन्ने छ । यस पटकको मूल नारा प्लास्टिक प्रदुषण नियन्त्रण गरौं भन्ने छ । हेटौँडा उपमहानगरले आफ्नो छुट्टै नारा बनाएको छैन ।

## वातावरण दिवसको सप्ताहव्यापी कार्यक्रम सुरु

# पहिलो दिन सरसफाई र रक्तदान



राप्तीनदी सरसफाई गरिँदै ।




रक्तदान गर्दै रक्तदाता ।

समाज संवाददाता

हेटौँडा: टोल विकास संस्था नगर समन्वय समिति हेटौँडाको आयोजनामा विश्व वातावरण दिवसको अवसरमा साताव्यापी कार्यक्रम सुरु भएको छ । साताव्यापी कार्यक्रमअन्तर्गत पहिलो दिन मंगलबार हेटौँडाको राप्तीनदी आसपासका क्षेत्रको सरसफाई गरिएको छ। सरसफाईमा जनप्रतिनिधि, टोल विकास संस्थाका पदाधिकारी, सुरक्षाकर्मी सहभागी थिए ।

यस्तै टोल विकास संस्था वडा समन्वय समिति हेटौँडा-११ को आयोजनामा मंगलबार बिहान रक्तदान कार्यक्रम भएको छ । हेटौँडा-११, नवलपुरमा भएको कार्यक्रममा ३३ जनाले रक्तदान गरेका छन् । ५१औं विश्व वातावरण दिवसको सन्दर्भमा रक्तदान कार्यक्रमको आयोजना गरिएको हो । वडा कार्यालयको सहयोगमा रक्तदान कार्यक्रम भएको हो ।

आइतबार यता दैनिकरुपमा रक्तदान कार्यक्रम भइरहेको छ । गणतन्त्र दिवसको अवसरमा आइतबार हेटौँडाको बुद्धचोकमा, सोमबार बागमती गाउँपालिकाको फापरबारीमा पनि रक्तदान कार्यक्रम भएको थियो । यस्तै बुधबार हेटौँडा-९ मा पनि रक्तदान कार्यक्रम हुँदैछ । विश्व सुसमाचार परमेश्वरको मण्डलीको आयोजनामा हेटौँडा-९ स्थित मण्डली परिसरमै बुधबार बिहान रक्तदान कार्यक्रम आयोजना गरिएको छ ।

# कमाने क्रिकेट क्लब गठन

समाज संवाददाता

हेटौँडा: हेटौँडा-८ कमानेमा कमाने क्रिकेट क्लब गठन गरिएको छ । मंगलबार एक भेलाले किशोर खत्रीको अध्यक्षतामा ७ सदस्यीय समिति गठन गरिएको छ । वडा अध्यक्ष रामकृष्ण थापाको उपस्थितिमा भएको युवाको भेलाले उपाध्यक्षमा विवेक कार्की, सचिवमा प्रशान्त राज गिरी, सह-सचिवमा सुजन चौलागाई र कोषाध्यक्षमा रमेश लुईटेल चयन हुनुभएको छ ।

यस्तै सदस्यमा अरुण दहाल र सागर मगर चयन हुनुभएको छ । क्लबको सल्लाहकारमा नेपाल क्रिकेट संघ बागमती प्रदेश समितिका उपाध्यक्ष प्रेम क्षेत्री र स्थानीय बिनोद रायलाई चयन गरेको छ ।

## किन हुन्छ...

आर्थिक उपार्जनका लागि दबाब दिन्छन् । उनीहरूले अवैध किसिमले ठेक्कापट्टा मिलाउन, जागिर लगाइदिन, आफन्तलाई आर्थिक रूपमा आकर्षक स्थानमा सरुवा गराइदिनका लागि नेतालाई दबाब दिन्छन् । कार्यकर्ता भड्किएमा आफ्नो राजनीतिक भविष्यसमेत कमजोर हुने भएकाले नेताहरू आफ्ना कार्यकर्ताको दबाबलाई बेवास्ता गर्न सक्दैनन् अनि भ्रष्टाचारजन्य गतिविधि बढ्न थाल्छन् ।

अर्कातर्फ राष्ट्रपति, प्रधानमन्त्री, सभामुख, प्रधानन्यायाधीश, मन्त्री तथा सांसदहरुका स्वकीय सचिव र सचिवालयमा काम गर्ने अन्य कर्मचारीको नियुक्तिमा कुनै पनि मापदण्ड बनेको छैन । फलस्वरूप कर्मचारी, प्रहरी र प्रशासनमा स्वकीय सचिवहरु हाबी हुन्छन् भने भ्रष्ट र घुसखोरीलाई निकट पार्ने काममा उनीहरूको संलग्नता हुन्छ । त्यस्तै पिए वा स्वकीय सचिवका लागि कुनै योग्यता आवश्यक नपर्ने र कस्ता मानिसलाई नियुक्ति गर्ने भन्ने आधारसमेत नभएका कारण विकृति थप मौलाएको छ ।

मानिसहरूमा भ्रष्टाचार गर्नु हुँदैन भन्ने चेतना संस्कारको रूपमा विकसित हुँदै जाने र भ्रष्टाचारविरुद्ध सशक्त कानुन निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्ने हो भने मात्रै भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ । हुन त हाम्रोमा भ्रष्टाचारविरुद्धका कानुन नभएका होइनन् र कानुन लागू गर्ने निकाय नभएको पनि होइन । तर विडम्बना, यस्ता कानुनहरूको कार्यान्वयन नै हुँदैन । अर्कातर्फ नेपालमा भ्रष्टाचारको घटना त्यतिबेला मात्र बाहिर आउँछ, जब दुई पक्षबीचको स्वार्थ बाझिन्छ । जहाँ कानुनी शासनको अभाव हुन्छ, त्यहाँ कानुनको निर्माण पहुँचवालाहरुको सुविधाअनुसार बनाइन्छ र यसको प्रयोग पनि शक्तिशालीहरूको अनुकूलताअनुसार गरिन्छ, जसले भ्रष्टाचार बढाउँछ ।

कुनै मानिसलाई यदि भ्रष्टाचार गलत र अनैतिक कार्य हो भन्ने लाग्दैन भने ऊ भ्रष्टाचारमा संलग्न हुन्छ । अरूले भ्रष्टाचार गरेको देखेर पनि मानिस भ्रष्टाचार गर्न लालायित हुन्छ । भ्रष्टाचार गर्ने अवसर प्राप्त हुनु, नेता र उच्च तहका कर्मचारीहरू आफैं भ्रष्टाचारमा संलग्न हुनु, लोभी र बेइमानी आचरण, समाजमा नैतिकताको क्षयीकरणजस्ता कारणले व्यक्तिलाई भ्रष्टाचारी बनाउँछ । भ्रष्टाचार एक प्रकारको दूषित मानसिकता हो, सामन्ती संस्कारको उपज हो भने भ्रष्टाचारको मूल जड लोभ हो ।

देश विकासका लागि दूरदृष्टि र दृढ इच्छाशक्ति भएको नेता अनि स्वच्छ तथा भ्रष्टाचाररहित प्रशासन चाहिन्छ । दुर्भाग्य, नेपालले यी दुई कुरा अहिलेसम्म पाउन सकेन । कुनै पनि देश समृद्धिको मूल आधार इमानदार र व्यावहारिक सरकार हो, भ्रष्टाचाररहित सरकार, राजनीति र कर्मचारीतन्त्र नै हो । तर भ्रष्टाचार नेपालको संस्कृति अनि प्रवृत्ति बनेको छ । यदि कसैले भ्रष्टाचार नगर्ने हो भने स्रोतको उचित उपयोग हुन्छ, देश विकास हुन्छ, नेपाली मुद्राको क्रयशक्ति बढ्न गई सबै नेपालीले सम्पन्न जीवनयापन गर्न सक्ने वातावरण बन्दै जान्छ ।

(लेखक अधिवक्ता हुन् । स्रोत: कारोबार दैनिक)

विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय पठाऔं ।
बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गरौं ।
समृद्ध समाज राष्ट्रिय दैनिक


# गणतन्त्र दिवसमा ६ जना पत्रकार सम्मानित

समाज संवाददाता

हेटौँडा: बागमती प्रदेश सरकारले गणतन्त्र दिवस २०८० को अवसरमा प्रदेशका ६ जना पत्रकारहरुलाई सम्मान गरेको छ । गणतन्त्र दिवस बागमती प्रदेश मुल समारोह समितिले सोमबार मुख्यमन्त्री कार्यलयमा आयोजना गरेको विशेष समारोहमा प्रदेशमा पत्रकारितामा क्रियाशील रही समाजको बहुआयामिक विकासमा टेवा पुऱ्याएको भन्दै पत्रकारहरुलाई सम्मान गरेको हो ।

काठमाडौंका सुरेश पसलाई अग्रज पत्रकार सम्मानबाट सम्मानित गरिएको छ । विकास पत्रकारिताबाट चितवनका अनिल ढकाल र ग्रामीण पत्रकारिता पुरस्कारबाट मकवानपुरका शिवकुमार रिजाललाई सम्मानित गरिएको छ । प्रदेश गौरव पत्रकारिता पुरस्कारबाट नुवाकोटका शक्तिमाया तामाङ, प्रदेश युवा पत्रकारिता पुरस्कार बाट बिक्रम रत्नलाई सम्मानित गरिएको छ । सम्मानित हुने पत्रकारहरुले जनही २० हजार रुपैयाँसहित प्रदेश प्रमुख यादवचन्द्र शर्माले सम्मानपत्र प्रदान गर्नुभएको छ । कार्यक्रममा मुख्यमन्त्री शालिकराम जम्कट्टेल, प्रदेशका मन्त्रीहरु, प्रदेशसभा सदस्यहरु, सचिवहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

स्वादिष्ट नेवारी खाजा






अब
होटल बासुकला (फास्टफुड) मा

() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

# लटारम्भेश्वरसम्म झरनाको साहित्यिक पदयात्रा



समाज संवाददाता

हेटौँडा: झरना साहित्यिक परिवार मकवानपुरको आयोजनामा मकवानपुरको प्रसिद्ध पर्यटकीयस्थल लटारम्भेश्वरसम्म साहित्यिक पदयात्रा गरिएको छ । २९० औं साहित्य शृंखलाका अवसरमा मकवानपुरको बकैया-१२, ठिंगनस्थित महाभारत पर्वतश्रृंखलामा रहेको लटारम्भेश्वर मन्दिरसम्मको करिब १८ किलोमिटर पदयात्रा सोमबार सम्पन्न भएको हो ।

पदयात्रामा बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्य थियो । पदयात्रामा बकैया गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्री, बकैया गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत मिलन दुलाल, बकैयाका वडा अध्यक्षहरु ज्ञानेन्द्र बजगाई, गोपालबहादुर न्यासुर, टंकध्वज लोप्चन, बिष्णु नेगी र लक्ष्मी जिम्बाको एवम् कार्यपालिका सदस्यहरु लक्ष्मी माझी र दीपकुमारी विश्वकर्माको समेत सहभागिता थियो ।

साहित्य संगमम मकवानपुरका उपाध्यक्ष सानु खनाल, नेपाली भाषा शिक्षक समितिका अध्यक्ष केशव सञ्जेल, गजल मञ्च मकवानपुरका अध्यक्ष केशव समर्पण, नेपाली लेखक संघका अध्यक्ष छवि अनित्य, मुक्तक मञ्च मकवानपुरका अध्यक्ष डीबी बर्तौला, गजल मञ्चका सचिव हरि पौड्याल, प्रगतिशील लेखक संघ मकवानपुर उपाध्यक्ष विशाल अधिकारी, हेटौँडा क्याम्पसका सहायक क्याम्पस प्रमुख देवीराम लामा, सिस्नुपानी मकवानपुरका सम्प्रस पौडेल, एस लामालगायतको सहभागिता थियो । पदयात्रामा झरना साहित्यिक परिवार मकवानपुर कार्यसमिति सदस्यहरु, सल्लाहकारहरु, विशिष्ट आजीवन सदस्यहरु, आजीवन सदस्यहरु, बकैया गाउँपालिकाका विभिन्न शाखामा कार्यरत कर्मचारीहरु तथा स्थानीय व्यक्तिहरुसमेत ८० जनाभन्दा बढीको सहभागिता रहेको थियो ।

बकैया गाउँपालिका वडा नम्बर ११ का वडाध्यक्ष गोपालबहादुर न्यासुर तथा वडा नम्बर १२ का वडाध्यक्ष ज्ञानेन्द्र बजगाईंको विशेष आर्थिक व्यवस्थापनमा पदयात्रा आयोजना गरिएको बताइएको छ । पदयात्राबाट फर्कने क्रममा झरना साहित्यिक परिवार मकवानपुरको २९० औं साहित्य शृंखला आयोजना गरिएको थियो । कार्यक्रममा साहित्यिक रचनाहरु वाचन गरिनुका साथै बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछाने, उपाध्यक्ष भक्तबहादुर खत्री, झरना साहित्यिक परिवार मकवानपुरका पूर्वअध्यक्ष उद्धवप्रसाद सापकोटा, जनार्दन खनालगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा बकैया गाउँपालिकाका अध्यक्ष लामिछानेले यो क्षेत्रमा पदमार्ग विकास गर्न तुरुन्तै डीपीआर बनाएर अगाडि बढ्ने प्रतिबद्धता जनाउनुभयो । तत्काल यो पदमार्गको काम सुरु हुने उहाँले बताउनुभयो ।

मकवानपुरको बकैया-१२ स्थित लटारम्भेश्वर मन्दिर पछिल्लो समय पर्यटकीय आकर्षणको केन्द्र बन्दै गएको छ । जिल्लाभित्र तथा जिल्ला बाहिरका विभिन्न ठाउँबाट धार्मिक आस्था, प्राकृतिक आनन्द तथा साहसिक यात्राका लागि यस ठाउँमा मानिसहरुको आवतजावत बढ्दै गएको पाइन्छ । केही वर्षअघिसम्म खासै चर्चामा नआएको यो मनोरम स्थलमा अहिले दिनहुँ सयौं मानिसले भ्रमण गर्ने गरेको स्थानीयको भनाई छ । संस्थाका अध्यक्ष विश्वनाथ सञ्जेलको अध्यक्षताका भएको कार्यक्रममा निलहरि ढुंगेलले स्वागत गर्नुभएको थियो भने संस्थाका सचिव मसान उपासकले सहजीकरण गर्नुभएको थियो ।

## प्रदेश खेलकुद विकास परिषद्

वागमती प्रदेश, हेटौंडा, नेपाल

### सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

*सूचना प्रकाशित मिति: २०८०/०२/१७ गते*

यस परिषदको प्रथम पटक मिति २०८०/०१/२५ गते राष्ट्रिय दैनिक पत्रिका तथा PPMO को E–Procurement Portal मा समेत प्रकाशित सुचना अनुसार पेश हुन आएका दरभाउपत्रहरु मध्य तपसिल बमोजिम दरभाउपत्र न्यूनतम मुल्याङ्कित र सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्बजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्बजनिक खरिद ऐन २०६३ को दफा ४० बमोजिम स्वीकृतिको आशयको सूचना सबै दरभाउपत्रदाताको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसिल :**

| क्र. सं. | दरभाउपत्र नं | योजनाको नाम | सफल दाताको नाम र ठेगाना | प्रस्तावित रकम (VAT सहित) | कै |
|---|---|---|---|---|---|
| १. | PSDC/SQ/ 01/2079/080 | KABHARD HALL SAHIT KHELMAIDAAN NIRMAAN MANAHARI–4 MAKAWANPUR | श्री ITIHAS NIRMAN SEWA, HETAUDA | १५,३१,०७३.०८/- | |

**सदस्य सचिव**

# भुटनदेवी माविमा विद्यार्थीबीच कथावाचन प्रतियोगिता




*कथावाचन गर्दै एक विद्यार्थी (बीचमा) ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४ स्थित भुटनदेवी माविले शुक्रबारीय सहयोगी क्रियाकलापअन्तर्गत कथावाचन प्रतियोगिता आयोजना गरेको छ । हरेक शुक्रबार विद्यार्थीको औपचारिक शिक्षा, अध्ययन र सिकाईमा सकारात्मक प्रभाव पार्ने सहयोगी क्रियाकलापअन्तर्गत गएको दुई वटा शुक्रबार कक्षा-१ देखि ८ सम्मका विद्यार्थीबीच हरेक कक्षाका इच्छुक विद्यार्थीलाई सहभागी गराइएको विद्यालयको सहयोगी क्रियाकलाप संयोजक शिक्षक सुमन श्रेष्ठले जानकारी दिनुभएको छ ।

जेठ महिनाको पहिलो शुक्रबार १ कक्षादेखि ५ कक्षासम्मका विद्यार्थीलाई कथावाचन प्रतियोगितामा सहभागी गराइएको थियो । यस्तै जेठ महिनाको दोस्रो शुक्रबार कक्षा ६ ७ र ८ का विद्यार्थीबीच कथावाचन प्रतियोगिता आयोजना गरिएको थियो । एउटा कक्षामा ५ वटासम्म सेक्सन रहेको भुटनदेवी माविले एउटा सेक्सनका विद्यार्थीबीच नै प्रतियोगिता गरेको हो । दोस्रो शनिबार सय भन्दा बढीले कथा वाचन गरेको संयोजक श्रेष्ठले जानकारी दिनुभयो ।

सेक्सनगत प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई यसै साता बिहान प्रार्थना समयमै पुरस्कृत गरिने बताइएको छ । विद्यार्थीलाई पठन एवम् लेखनमा प्रोत्साहित गर्न सुरुवा कक्षाभित्रै प्रतिस्पर्धा गराइएको र आगामी दिनमा अन्तर कक्षा प्रतिस्पर्धा गराइने संयोजक श्रेष्ठले बताउनुभयो । विद्यार्थीलाई पुरस्कृत गर्दा निबन्ध, कथा, जीवनीसँग सम्बन्धित पुस्तकनै प्रदान गरिने पनि उहाँले बताउनुभएको छ । आउँदो शुक्रबार भने विद्यालयको नेता, उपनेता र सदनको नेता, उपनेता चयनका लागि निर्वाचन गर्ने कार्यतालिका रहेको बताइएको छ ।

# हेटौँडा उपमहानगर पालिकालाई महतको सुझाव

समाज संवाददाता

**हेटौँडाः नेपाली कांग्रेस मकवानपुरका सचिव भीमसेन महतले हेटौँडा उपमहानगरपालिकालाई विभिन्न सुझाव दिनुभएको छ । आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि नीति तथा कार्यक्रम र बजेटको तयारी गरिरहेको उपमहानगर पालिकालाई महतले सुझाव दिनुभएको हो ।**

**मंगलबार पत्रकार सम्मेलन गर्दै महतले उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामालाई सुझावपत्र हस्तान्तरण गर्नुभएको छ । सचिव महतले धार्मिक पर्यटन, जलचर संरक्षण, डाँफे, कस्तुरी, मृग, बँदेल, जरायो फर्म, कलरफुल सिटी निर्माण, आदिवासी जनजाति भेषभुषा प्रदर्शन, आदिवासी जनजाति सङ्ग्रहालय,**

**फलफूलको शहर, मन भुलाउने क्षेत्र, रमणीय क्षेत्र, खुल्ला जङ्गली चिडियाघर र टिकटक डाँडा निर्माण गर्नुपर्ने सुझाव पेश गर्नुभएको छ । यस्तै, स्वास्थ्य, कृषि, बस्ती संरक्षण तथा खहरे नियन्त्रण, साइकल ट्र्याक निर्माण, स्वागत गेट निर्माण, स्थानीय गाई संरक्षण, जेष्ठ नागरिक दिवा सेवा, दुर्व्यसनी अन्त्य, सुलभ शौचालय निर्माण, कपडाको झोला, सालका दुना टपरी र पेपरको उद्योग स्थापना, आर्थिक वर्गीकरण तथ्याङ्क सङ्कलन, मानवीय कोष निर्माण, नमुना गाउँ, नमुना टोल, एकीकृत बस्ती, सहकारी, चौतारा निर्माण, शिक्षण, पेपरलेस उपमहानगरपालिका, फ्री वाईफाई जोन र स्वरोजगार कोष निर्माण गर्नुपर्ने सुझाव पेश गर्नुभयो । सुझावपत्र बुझ्दै उपमहानगर पालिका मेयर लामाले सुझाव सकारात्मक भएको बताउँदै बजेटमा समावेश गराइने बताउनुभयो ।**

# हेटौँडा मेयरकप फुटबलः १० नम्बर वडाको विजयी सुरुवात

समाज संवाददाता

हेटौँडाः तेश्रो संस्करणको हेटौंडा मेयर कपमा फुटबल प्रतियोगितामा १० नम्बर वडाले विजयी सुरुवात गरेको छ । हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा मंगलबार भएको खेलमा ६ नम्बर वडालाई २-० गोलअन्तरले हराउँदै १० नम्बरले विजयी सुरुवात गरेको हो ।

प्रतियोगिताको साविक विजेता समेत रहेको १० नम्बर वडालाई जित दिलाउन प्रीतम स्याङ्बोले दुई गोल गरे । स्याङ्बोले दुवै गोल दोस्रो हाफमा गरे । स्याङ्बोले एक गोल पेनाल्टीमार्फत गरेका हुन् । हेटौंडामा गत शनिबार सम्पन्न दोस्रो बागमती प्रदेश खेलकुद प्रतियोगितामा मकवानपुर फुटबल टिमको कप्तानी सम्हालेका स्याङ्बोले मकवानपुरलाई दोस्रो पटक उपाधी दिलाउन सफल भएको थियो । स्याङ्बो प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीसमेत घोषित भएका थिए । म्यान अफ द म्याच भने ६ नम्बर वडाका सुरज स्याङ्तान घोषित भए । खेल सम्पन्न भएसँगै दुवै वडाका टिमबीच झडप समेत भएको थियो ।

यसअघि सोमबार उद्घाटन खेलमा १५ नम्बर वडाले ३ नम्बर वडालाई पराजित गरेको थियो । प्रतियोगिता अन्तर्गत बुधबारको खेलमा १८ नम्बर वडा र ४ नम्बर वडाबीच प्रतिस्पर्धा हुनेछ । खेल दिउँसो २ बजे सुरु हुनेछ । प्रतियोगितामा हेटौँडा उपमहानगरका १९ वडाको सहभागिता रहेको छ । प्रतियोगिताको विजेताले नगद २ लाख, उपविजेता १ लाख ५० हजार, सेमीफाइनलमा पराजित हुने २ वटा टिमलाई ५०/५० हजार रुपैयाँ प्राप्त गर्नेछ । सर्वोत्कृष्ट खेलाडीलाई १५ र उत्कृष्ट खेलाडीहरुलाई ५/५ हजार रुपैयाँ नगदसहित शिल्ड एवम् मेडल पुरस्कार रहेको आयोजकले जनाएको छ ।

## महेन्द्र निधी टि-२० क्रिकेट

# बागमती प्रदेशको विजयी सुरुवात

समाज संवाददाता

हेटौँडाः धनुषा जिल्लाको जनकपुरमा जारी स्वर्गीय महेन्द्र निधी टि-२० राष्ट्रिय क्रिकेट प्रतियोगितामा बागमती प्रदेशले विजयी सुरुवात गरेको छ । मंगलबार भएको खेलमा बागमतीले कोशी प्रदेशलाई ३ विकेटले पराजित गऱ्यो ।

टस जितेर पहिले व्याटिङ गरेको कोशीले निर्धारित २० ओभरमा ९ विकेटको क्षतिमा ९९ रन मात्रै बनाउन सक्यो । कोशीलाई सस्तैमा समेट्ने क्रममा बागमती प्रदेशका रिजन ढकालले ३ विकेट लिए । ४ ओभर ३ बलको सामना गरेर ११ रन जोड्दा कोशी प्रदेशले ४ विकेट गुमाइसकेको थियो । १०० रनको लक्ष्य लिएर जवाफी व्याटिङमा उत्रिएको बागमती प्रदेशले अन्तिम बलमा लक्ष्य भेट्टायो । बागमतीले ७ विकेटको क्षतिमा लक्ष्य भेट्टाएको हो । बागमतीको जवाफी व्याटिङ पनि बलियो रहेन । बागमती प्रदेशका लागि आशुतोष गैरेले २४ र इशान पाण्डेले २९ रनको योगदान गरे ।

म्यान अफ द म्याच बागमती प्रदेशका रिजन ढकाल घोषित भए । ढकालले नगद ५ हजार रुपैयाँ प्राप्त गरेको छ । ढकाल मकवानपुरका खेलाडी हुन् । प्रतियोगिता अन्तर्गत बागमतीले बुधबार लुम्बिनी प्रदेश र शुक्रबार मधेस प्रदेशसँग खेल्नेछ । प्रतियोगितामा ७ वटै प्रदेशको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल २६ गते हुनेछ ।

# किशोरी शिक्षा कार्यक्रम सुरु

समाज संवाददाता

**हेटौँडाः हेटौडा उपमहानगरपालिका वडा नम्बर ५ को सहयोगमा किशोरी शिक्षा कार्यक्रम सुरु भएको छ । वडा नम्बर ५ को पिप्ले शहरी स्वास्थ्य केन्द्रले बालज्योति माध्यमिक विद्यालयबाट किशोरी शिक्षा अभिमुखीकरण कार्यक्रम सुरु गरेको हो ।**

**हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा कार्यक्रमको उद्घाटन गरिएको छ । विद्यालय व्यवस्थापन समिति अध्यक्ष रवीन्द्र पोखरेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वडा अध्यक्ष सुशील घिमिरे विशिष्ट आतिथ्य थियो । कार्यक्रममा वडा सदस्यहरु ज्ञानबहदुर थापा, राम राई, रञ्जिता सिलवाल र भगवती विकको आतिथ्य रहेको थियो ।**

**प्रमुख अतिथि बानियाँले किशोरी शिक्षा हेटौंडाकै नयाँ किसिमको कार्यक्रम भएकाले किशोरीहरुको स्वास्थ्य र सुरक्षामा महत्वपूर्ण सहयोग पुग्ने बताउनुभयो । वडाध्यक्ष घिमिरेले किशोरी लक्षित महत्वपूर्ण कार्यक्रम छनौट गरेकाले स्वास्थ्य केन्द्रको अभियानमा वडाको सधैं साथ र सहयोग रहने प्रतिबद्धता जनाउनुभयो ।**

**उद्घाटन कार्यक्रम स्वास्थ्य केन्द्र प्रमुख दुर्गा दाहालले सञ्चालन गर्नुभएको थियो । उहाँले वडाका सबै विद्यालयमा किशोरीहरुलाई किशोरावस्थाको स्वास्थ्यबारे अभिमुखीकरण गरिने बताउनुभयो । अभिमुखीकरण कार्यक्रममा ५० जना किशोरीहरुको सहभगिता रहेको थियो ।**

# कक्षा–११ को वार्षिक परीक्षा सुरु



*हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसमा परीक्षा दिँदै विद्यार्थी ।*

समाज संवाददाता

हेटौँडाः मंगलबारबाट कक्षा ११ को वार्षिक परीक्षा सुरु भएको छ । हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पस र हेटौँडा-४ स्थित हेटौँडा स्कूल अफ म्यानेजमेन्टले कक्षा ११ को वार्षिक परीक्षा सुरु गरेको हो ।

मकवानपुर बहुमुखी क्याम्पसमा भर्ना भएका १ हजार ४ सय ६० जना विद्यार्थी मध्ये १ हजार ३ सय २५ जना विद्यार्थीले कक्षा ११ को रजिष्ट्रेसन फारम भरेका थिए । रजिष्ट्रेसन फारम भरेका मध्ये ३८ जना विद्यार्थी वार्षिक परीक्षामा अनुपस्थित रहेको मकवानपुर बहुमुखी क्याम्पसको परीक्षा शाखाका राजीव सापकोटाले जानकारी दिनुभएको छ ।

यस्तै हेटौँडा स्कूल अफ म्यानेजमेन्टमा १ हजार ३ सय ९८ जना विद्यार्थी भर्ना भएका मध्ये १ हजार ३ सय ७० जना विद्यार्थीले रजिष्ट्रेसन फारम भरेका थिए । मंगलबारबाट सुरु भएको वार्षिक परीक्षामा भने १ हजार ३ सय ३० जना विद्यार्थीले परीक्षा दिएका छन् । हेटौँडा-४ स्थित हेटौँडा क्याम्पसले भने आज बुधबारबाट वार्षिक परीक्षा सुरु गर्दैछ । अहिले सम्बन्धित विद्यालयले नै वार्षिक परीक्षा सञ्चालन गर्ने व्यवस्था गरिएको छ । यसअघि कक्षा १२ को वार्षिक परीक्षा जेठ ५ गते सम्पन्न भएको छ । कक्षा १२ को वार्षिक परीक्षा भने राष्ट्रिय परीक्षा बोर्डले नै सञ्चालन गरेको थियो ।

# गाँजासहित बद्रि र सन्देश पक्राउ

समाज संवाददाता

हेटौँडाः लागुऔषध गाँजासहित मकवानपुर प्रहरीले दुईजनालाई पक्राउ गरेको छ । सोमबार साँझ ५ बजेको समयमा मकवानपुरगढी गाउँपालिका-२, ठूलोदमारबाट लागुऔषध गाँजा ९२० ग्रामसहित हेटौँडा-१७, राजदेवीका ४९ वर्षीय बद्री खड्का र हेटौँडा-१८, भोर्लेका २३ वर्षीय सन्देश भुजेललाई प्रहरीले पक्राउ गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

सूचनाको आधारमा ना ६३ प ६५८७ नम्बरको मोटरसाइकलको सुरक्षाजाँच गर्दा मोटरसाइकल चालक बद्री र मोटरसाइकलमा सवार सन्देशलाई प्रहरीले पक्राउ गरेको हो । घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।


**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**
**हेटौंडा रिफरेन्स ल्याबरोटरी,**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



# हार्दिक बधाई



किशोर खत्री
अध्यक्ष



विवेक कार्की
उपाध्यक्ष



प्रशान्त राज गिरी
सचिव

मिति २०८० साल जेठ १६ गते मंगलबार हेटौंडा-८ का वडा अध्यक्ष रामकृष्ण थापाको उपस्थितिमा कमानेका युवाहरुको भेलाले हाम्रा प्रिय भाइहरु **किशोर खत्री** अध्यक्ष र **विवेक कार्की** उपाध्यक्ष, **प्रशान्त राज गिरी** सचिव रहने गरी कमाने क्रिकेट क्लब गठन भएकोमा नवगठित समितिलाई हार्दिक बधाई ज्ञापन गर्दछौं । सामाजिक सेवाको क्षेत्रमा क्रियाशील युवाको समूहले क्रिकेट खेलको विकासका लागि गठन गरेको क्रिकेट क्लबमार्फत वडा, जिल्ला, प्रदेश हुँदै देशकै लागि क्रिकेट खेलको क्षेत्रमा उल्लेखनीय योगदान गर्न सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**दिनेश बखेल**
**हेटौंडा-८, कमाने**

**सुदीप राज गिरी**
**हेटौंडा-८, कमाने**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ